# ३ परमेश्वरको वचनः आत्मिक पुनर्जागरणको आधार

*यस अध्यायका मूल पदहरूः* भजन ११९:५०,७४, भजन ११६, हिब्रू ४:१२, हिब्रू ११:३, यूहन्ना ५:३९, हिब्रू ४:१,२, प्रेरित २०:२७-३२।

*स्मरण गर्नुपर्ने पदः* **“मेरो पक्षमा उभिनु होस् र मलाई स्वतन्त्र बनाउनु होस्। तपाईंकै प्रतिज्ञा अनुसार मलाई जीवित राख्नुहोस्।" (भजन ११९:१५४ न्यु इन्टरनेशनल रिभाइज्द भर्जन बाइबल)। “मेरो पक्षमा निर्णय दिनुहोस्, र मलाई छुटाउनुहोस्। तपाईंको प्रतिज्ञाअनुसार मेरो प्राणलाई सुरक्षा गर्नुहोस्।" (नेपाली बाइबल)।**

गम्भिर भएर बाइबलको अध्ययन गर्दा विगत समयमा आत्मिक पुनर्जागरणको अभियान चलेको थियो। संसारको अन्त्यको समयमा आध्यात्मिक पुनर्जागरण अर्थात् सत्य परमेश्वरतिर फर्किने तिब्र चाहना फेरी हुनेछ भन्नेमा हामी विश्वास गर्दछौं। चोला परिवर्तन अर्थात् बाहिरी खोल लगाएर सेभेन्थ-डे एडभेन्टिस्ट हुँ भनेर दावी गर्नेहरूले त होइन, तर आत्म परिवर्तन भएर परमेश्वरलाई तन, मन, धन दिने सच्चा सेभेन्थ-डे एडभेन्टिस्ट इसाईहरूको हृदयमा पवित्र आत्माले त्यसबेला छुनुहुनेछ र बाइबलले देखाएका सत्यहरूलाई तिनीहरूले पत्ता लगाउनेछन्। अनि आफूले पत्ता लगाएका सत्यलाई संसारको सामु प्रचारप्रसार गर्ने अठौटता तिनीहरूले व्यक्त गर्नेछन्।

ती येशूभक्तहरूले परमेश्वरको वचन बाइबलमा आफ्ना पापहरूलाई सित्तैमा हटाइदिने उहाँको अनुग्रह, बल र आशा भेट्टाएका हुन्छन्। उहाँको वचन अध्ययन गरेर तिनीहरूले ख्रीष्ट येशूको प्रेम र सौन्दर्यता बुझ्नेछन्। अनि आफूमाथि अगाध श्रद्धा राख्ने आफ्ना भक्तजनहरूलाई उहाँको पवित्र आत्मा खन्याइएर परमेश्वरले सम्मान गर्नुहुनेछ। अनि प्रकाश ६:१२-१४मा वयान गरेको तिन स्वर्गदूतहरूको महिमित संदेशले सारा संसार चकमकिनेछ। असिमित

मात्रामा पवित्र आत्मा खनिनेछ। र सारा संसारमा मानवप्रति परमेश्वरको अचूत प्रेमको सुसमाचार फैलिने छ। जब सारा संसारले येशूको बारेमा जानकारी पाउँछ तब उहाँ फर्किनुहुनेछ (मत्ती २४:१४)।

आत्मिक पुनर्जागरणको झिल्का बाइबलले कसरी दिन सक्छ भनेर यस अध्यायमा हामी सिक्नेछौं। यदि बाइबलमा भएका सत्य र नितिहरूलाई विश्वाससाथ पालन गर्न हामी समर्पित भयौं भने हाम्रो जीवनमा आमूल परिवर्तनको अनुभव गर्न सकिन्छ भनेर हामी सिक्नेछौं।

## १. परमेश्वरको वचनद्वारा आत्म परिवर्तन गर्ने प्रेरणा (भजन ११९:२५)

तलका पदहरू ध्यानपूर्वक पढ्नुहोस्। अनि प्रथम कोरेको रेखामा राजा दाउदको भित्री प्रार्थना लेख्नुहोस्। अनि दोस्रो रेखामा त्यस प्रार्थनाको कारण के थियो भनेर लेख्नुहोस्।

भजन ११९:२५ "मेरो प्राण धूलोमा मिलेको छ, आफ्नो वचनअनुसार मेरो प्राणको सुरक्षा गर्नुहोस्।"

प्रार्थना वा विनम्र

विन्तिः- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -
-----------------

कारण- - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - - -
-----------------

भजन ११९:१०७ " म ज्यादै पीडित भएको छु, हे परमप्रभु, आफ्नो वचनअनुसार

मेरो प्राणलाई सुरक्षित राखिदिनुहोस्।"

विन्ति-----------------------------------------------------------

कारण-----------------------------------------------------------

भजन ११९:१५३,१५४, १५५ " मेरो दुःखलाई विचार गर्नुहोस्, र मलाई छुटकारा दिनुहोस्, किनकि तपाईंको व्यवस्था मैले बिर्सेको छैनँ। १५४ मेरो पक्षमा निर्णय दिनुहोस्, र मलाई छुटाउनुहोस्। तपाईंको

प्रतिज्ञाअनुसार मेरो प्राणलाई सुरक्षा गर्नुहोस्। १५५ दुष्टहरूबाट उद्धार टाढ़ा छ, किनकि तिनीहरूले तपाईंका विधिहरूको खोजी गर्दैनन्।"

विन्तीः-----------------------------------------------------

कारणः-----------------------------------------------------

परमेश्वरको वचन पढ्दा आफ्नो आत्मिक जीवनमा आशिषहरूको खोलो बग्छ भनेर दाउदले आफ्नो भजनको पुस्तकमा छलफल गर्दछन्। (वचनबाट पाइने आत्मज्ञानबाट नै मानिसहरू अध्यात्मिक जीवन आशिषमय हुन्छ भनेर उनको अनुभव थियो)। भजन ११९मा दिएका देहायका केहि पदहरूले त्यस अनुभवलाई पुष्टि गर्दछः ११९:४९, ५०, "आफ्नो दासलाई दिनुभएको वचन सम्झना राख्नुहोस्, किनकि तपाईंले मलाई आशा प्रदान गर्नुभएको छ। ५० मेरो सङ्कष्टमा मेरो सान्त्वना यसैबाट छ, तपाईंको प्रतिज्ञाले मेरो प्राणलाई सुरक्षित राख्तछ।" ७४, "७४ तपाईंको भय मान्नेहरू मलाई देखेर खुशी होऊन्, किनभने म तपाईंको वचनमा भर पर्दछु।" ११६, "तपाईंको प्रतिज्ञाअनुसार मलाई थामिराख्नुहोस्, र म जीवित रहूँ, र मेरा आशाहरू चकनाचूर हुन नदिनुहोस्।" १३०, "तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ, त्यसले सीधासादा मानिसहरूलाई समझशक्ति दिन्छ।" १६०, "तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन्।" १६९, " हे परमप्रभु, मेरो पुकार तपाईंको सामु पुगोस्, तपाईंको वचनअनुसार मलाई समझशक्ति दिनुहोस्।" १७०," मेरो नम्र निवेदन तपाईंको सामुन्ने पुगोस्। तपाईंको प्रतिज्ञाअनुसार मलाई छुटकारा दिनुहोस्।"

**उपरोक्त पदहरूका प्रत्येक पदलाई हेर्नुहोस्। त्यहाँ भजनका लेखकले परमेश्वरको वचनबाट के के आशिषहरू पाएका थिए भनेर वाख्या गरेको हेर्नुहोस्।**

परमेश्वरको वचनबाट साहस र बल मिलेको दाउदले दावी गर्दछन्। परमेश्वरकै वचनमा आशा र ज्ञानबुद्धि पाएको उनले पत्ता लगाएका थिए। उनको अन्धकारमय मगजलाई परमेश्वरको वचनले उज्यालो पारेको थियो (भजन ११९:१३०)। उनको तिर्खाएको आत्मा र भोकले रन्थनिएको हृदयलाई परमेश्वरको वचनले तृप्त पारेको थियो (भजन ११९:८१)। जब आफ्नै ससुरा राजा सावलले उनको हत्या गर्न उनी लुकेको जङ्गलहरूमा चहारेका थिए तब उनलाई परमेश्वरले नै सुरक्षा गर्नुहुनेछ र उद्धार गर्नुहुनेछ भनेर भन्ने वचनमा उनी अडिग भएका थिए (भजन ३४:४)। जब बेथशिबाको मामिलामा उनले अपराध तथा पाप गर्दा उनको हृदयमा अपराधको भावनाले पिरोलेको थियो। त्यसबेला पनि आफूले पश्चाताप गर्दा परमेश्वरले क्षमा दिनुहुनेछ भन्ने उहाँको वचनलाई समाती राखे (भजन ३२:१,२)। अन्योलको भविष्यमा उनी परिरहन्दा, परमेश्वरले नै उनलाई अगुवाई गर्नुहुनेछ भन्ने प्रतिज्ञालाई पनि पकडी राखे (भजन ३२:८)। र दाउदले अत्यन्त आनन्दित भएर यो मर्म व्यक्त गर्दछन्, "तपाईंको वचनले मलाई जीवन दिएको छ" (भजन ११९:५०)। आत्मिक जागरणको मूल जड नै परमेश्वरको वचनमा नयाँ जीवन पाउँदा हुन्छ भनेर दाउदले हामीलाई देखाउँदछन्।

**परमेश्वरको वचनबाट तपाईंले आशा, बल, प्रतिज्ञा र ज्योति कसरी पाउनुहुन्छ? उनको बारेमा बाइबलमा दिएका विभिन्न सूत्रहरूबाट परमेश्वरसँग अझ गहिरो सम्बन्ध तपाईंले कसरी सिक्नुहुन्छ?**

## २. परमेश्वरको वचनमा सृष्टि गर्न सक्ने शक्ति (हिब्रू ४:१२)

हिब्रू ४:१२, "किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र

आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड्को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ।" "परमेश्वरको वचन जीवित र शक्तिशाली छ दुई धारे तरवार भन्दा तिखो " छ भन्दा जब हामी वचन पढ्छौं तब हाम्रो जीवनमा गहिरोसँग त्यो वचन पस्दछ र हाम्रो जीवनलाई चिरफार गर्दछ। त्यस परिप्रेक्ष्यमा उहाँको वचन कसरी जीवित भएको हुन्छ? त्यसको अर्थ के हो?

ज्ञानीहरूको सरसल्लाह, धर्मगुरूहरूको सिक्षा, शिक्षक, पास्टर वा सल्लाहकारहरूको वचनहरू भन्दा परमेश्वरको वचन किन भिन्न छ? परमेश्वरको वचनको शक्तिको बारेमा देहायका पदहरूले दिएको पनि हेर्नुहोस्: भजन ३३:६-९, "६ परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू। ७ उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ। उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ। ८ सारा पृथ्वीले परमप्रभुको भय मानोस् संसारका सारा निवासीहरूले उहाँको भक्ति गरून्। ९ किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रह्यो।", हिब्रू ११:३, "विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो।", २ तिमोथी ३:१६,१७, "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।"

ज्ञानी अर्थात् बुद्धिमानी मानिसहरूको सरसल्लाह अमुल्यको हुन्छ। त्यसमा कुनै शङ्का छैन। कोही मानिस पनि आफ्नै बुद्धिले हुर्केको हुँदैन। कोही न कोहीले अगुवाई गरेको हुन्छ। कसै कसैको सरसल्लाहमा मानिसहरू चलिरहेको हुन्छ। तर एउटा समस्या त्यसमा के छ भने मानिसको सरसल्लाहमा जीवन परिवर्तन गर्ने खालको

त्यत्तिको शक्ति हुन्दैन जसरी परमेश्वरको वचनमा हुन्छ। परमेश्वरको वचन जीवित र  शक्तिशाली छ जसले मानिसको जीवनमा आमूल परिवर्तन ल्याउन सक्दछ। उसको दिमागमा मनोक्रान्ती ल्याउँछ र बाहिरि रूपमा चोला मात्र होइन भित्री आत्मिक परिवर्तन ल्याउन पनि बल दिन्छ। सृष्टिमा बोलिएको त्यही वचनको शक्ति लिखित रूपमा हामीलाई दिइएको छ जसलाई हामी पवित्र धर्मशास्त्र बाइबल भन्दछौं। जब हामी विश्वासद्वारा परमेश्वरको प्रतिज्ञा र निर्देशनहरूलाई मान्दछौं तब येशूको निर्देशन पालन गर्न पवित्र आत्माले हामीलाई शक्ति प्रदान गर्दछन्।

"संसारहरूमा जीवन हुन आह्वान गरिएको सृष्टिको उर्जा परमेश्वरको वचनमा पाइन्छ। परमेश्वरको वचनले शक्ति वा बल दिन्दछ। त्यसले जीवनलाई सृष्टि गर्दछ। बाइबलमा भएका प्रत्येक निर्देशन मानिसको निम्ति प्रतिज्ञा हो। त्यसलाई आत्मसात् गरियोस् भनेर परमेश्वरले अपेक्षा गर्नुहुन्छ। परमेश्वरको निर्देशनले उहाँको जीवन मानिसको जीवनमा ल्याउँदछ। मानिसको स्वभावलाई परिवर्तन गर्दछ। अनि परमेश्वरको स्वरूपमा मानिसलाई पुनःसृष्टि गरिन्छ।"- एलेन जी ह्वाइट, *एडुकेशन,* पृ. १२६बाट रूपान्तरित। (परमेश्वरको वचन पढेर आत्मसात् गर्ने व्यक्तिमा पुनर्जागरण आउँछ र त्यसले पुनर्जन्म पाएको अनुभव गर्दछ)।

हल्का रूपमा वा प्रक्रिया पूरा गर्न हतारिएर पढेको परमेश्वरको वचनले मानिसलाई आत्मिक पुनर्जागरण ल्याउँछ भन्ने छैन। अरूको दोष भेट्टाउन वा आफ्नै तर्कलाई सावित गर्न पढ्ने बाइबलले तपाईंको आत्मिक जीवनमा कमै राम्रो गर्न सक्दछ। जब हामी समय लिएर प्रार्थनापूर्वक बाइबल पढ्छौं र येशूको शक्ति पाएर उहाँ जस्तै हुन पवित्र आत्मासँग बरदान माग्छौं तब हाम्रो जीवनमा परिवर्तन भएको महशूस गर्न सक्दछौं। जब उहाँको स्वभाव वा रूपमा हामीलाई पुनःसृष्टि गरियोस् भनेर कामना गर्दै उहाँको वचन पढ्छौं तब हामीमा परिवर्तन आउँदछ। जब बाइबलमा लिखित येशूको शिक्षालाई हाम्रो जीवनको

भाग बनाउँछौं तब हाम्रो जीवनमा परिवर्तन आउँदछ। जब हामी "' परमेश्वरको मुखबाट निस्केको प्रत्येक वचन"' (मत्ती ४:४) अनुसार चल्दछौं तब हाम्रो जीवन हेरफेर हुँदछ।

**परमेश्वरको वचनको शक्तिले तपाईंको जीवन कसरी परिवर्तन भएको छ? तपाईंको जीवनको कुन पक्ष अझ परिवर्तन हुनुपर्ने आवश्यकता तपाईंले देख्नुभएको छ?**

## ३. येशू र परमेश्वरको वचन (यूहन्ना ५:३९)

**परमेश्वरको आत्मा र परमेश्वरको वचनले त्यही काम कसरी गर्दछ? हेर्नुहोस्: यूहन्ना ५:३९, "तिमीहरू धर्मशास्त्रमा खोजी गर्दछौ, किनभने त्यहाँ अनन्त जीवन पाइन्छ भनी तिमीहरू ठान्छौ। मेरो विषयमा गवाही दिने ती नै धर्मशास्त्र हुन्।", र यूहन्ना १६:१४, १५, "उहाँले (पवित्र आत्मा) मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"**

येशू को हुनुहुन्छ भनेर परमेश्वरको वचनले साक्षी दिन्छ। पवित्र आत्माले पनि येशूको बारेमा साक्षी दिन्छ। जब हामी परमेश्वरको वचन पढ्छौं तब उहाँको आत्माले येशूसँग गहिरो सम्बन्ध राख्न हामीलाई अगुवाई गर्नुहुन्छ। अनेक किसिमका चमत्कार काम गर्ने पवित्र आत्माको काम होइन। तर मानिसको जीवनलाई आमूल परिवर्तन ल्याउने उनको काम हो। परमेश्वरको वचनद्वारा येशूको महिमा गर्ने पवित्र आत्माको काम हो। त्यसकारण कसैले पवित्र आत्मा पायो भन्दैमा त्यसले ठूला ठूला आश्चर्य काम गर्नु पर्छ भन्ने छैन वा त्यस्ता काम गर्न पवित्र आत्मा दिइएको होइन। तर मानिसको जीवनमा परिवर्तन गर्न पवित्र आत्माले परमेश्वरको शक्ति त्यसलाई दिइन्छ। त्यसैकारण हामीहरूमा आत्मिक पुनःजागरण र जीवन शैलीमा सुधार आवश्यक छ।

सबै सत्य आत्मिक पुनर्जागरणको जग परमेश्वरको वचन हो। परमेश्वरको वचनकै आधारमा आत्मिक पुनर्जागरणको वाख्या गरिन्छ। परमेश्वरको वचनबाट पाइने आत्मज्ञानबाट हामीहरूको अनुभवको प्रवाह बग्दछ। यदि हामीहरूको दिमागमा परमेश्वरको वचन भरियो भने हामीहरूबाट परमेश्वरप्रतिको आराधना, स्तुति र श्रद्धा निस्कन्छन्। सत्य आत्मिक पुनर्जागरणको  महान् साक्षी नै मानिसको परिवर्तित जीवन हो।

याद गर्नुहोस्, अध्यात्मिक सतसङ्गमा लागेर आत्मिक पुनर्जागरणको अनुभव गर्न सकिएला, सबै जना प्रशंसाको प्रवाहमा आफूलाई पनि पार्दा परमेश्वरको स्तुति गर्न सकारात्मक भावना पैदा त होला। तर भावना र जोश कहिलै पनि आत्मिक पुनर्जागरणको आधार हुनुहुँदैन। कुनै पनि “भावनात्मक वा अनुभविय आधारमा हुने आत्मिक पुनर्जागरण वा परमेश्वरतिर झुक्ने वानी कहिलै पनि गहिरो हुनुपर्छ भन्ने छैन। केवल जोश वा भावनाको भरमा परमेश्वरलाई विश्वास गर्दा मानिसले धोका पनि पाउन सक्दछ। भावनात्मक वा क्षणिक आवेशमा स्वीकार गरेको धर्मले मानिसलाई छलमा पार्न सक्दछ। त्यसले मानिसलाई आफू ज्ञानी, सन्त, धर्मी, अध्यात्मिक छु भन्ने सोचाईमा पारेर उल्लु वा वेवकुफ बनाउन सक्दछ। जब परमेश्वरको वचनमा जरो गाडेर वा त्यसको आधारमा आत्मिक पुनर्जागरण हुन्छ, आत्मिक जोश आउँदछ तब त्यो अनुभव टिक्दछ। जुन अनुभवको आधारमा हामी परिचालित हुन्छौं त्यसले हाम्रो जीवन र वरिपरिरहेका अरूहरूको जीवनमा प्रभाव पार्दछौं।

इम्मायुसको बाटोमा हिंडीरहेका दुई जना चेलाको बारेमा सोच्नुहोस्। तिनीहरू येशूको पुनरुत्थानको बारेमा सोच्दै थिए जब येशू देखापर्नुभयो तर तिनीहरूले येशूलाई तत्कालै चिनेनन। ख्रीष्टको बारेमा तिनीहरू अन्यौलमा परेका थिए। जब येशूले तिनीहरूलाई विस्तारै आफ्नो बारेमा बाइबलबाट वाख्या गर्नुभयो तब तिनीहरूले उहाँको बारेमा अचम्म मानेर सुनिरहेका थिए। पुरानो करारमा मसीहको बारेमा

उल्लेखित विभिन्न भविष्यवाणीहरूलाई उद्‌ध गर्दै उहाँले तिनीहरूलाई बुझाउनुभयो। येशूले अचम्मको काम गर्न सक्नुहुन्थ्यो। आफू येशू हुँ भनेर उनीहरूको सामु प्रमाणित गर्न सक्नुहुन्थ्यो। आफ्ना हात र कोखामा भएका घाऊहरू देखाउन सक्नु हुन्थ्यो। तर उहाँले ती कुनै अलौकिक कामद्वारा तिनीहरूलाई आफ्नो अस्तित्वलाई प्रमाण गर्नु भएन बरू येशूले तिनीहरूलाई नियमित बाइबल अध्ययन दिनुभयो (लूका २४:१३-३७)। त्यसले नै बाइबल अध्ययनद्वारामात्र असली आत्मिक पुनर्जागरण हुन्छ भनेर प्रमाणित गर्दछ।

जब येशू तिनीहरूको साथ हुँदै खाने बेलामा प्रार्थना गर्दा उहाँले हात उचाल्नु भयो तब मात्र तिनीहरूले येशूलाई चिने। त्यसबेला येशू गायब हुनुभयो। तिनीहरू आश्चर्यचकित भएर चेलाहरू भएको ठाउँमा तुरन्तै फर्के। फर्कने बेला तिनीहरूको छाती कसरी पोले भनेर यसरी भन्दछ, "तिनीहरूले आपसमा भने, ˝उहाँ हामीसँग बाटोमा बातचित गर्नुहुँदा, र हामीलाई धर्मशास्त्रको अर्थ खोलिदिनुहुँदा के हाम्रो हृदय प्रज्वलित भएको थिएन र?" (लूका २४:३२)

असली आत्मिक पुनर्जागरणको यस ज्वलन्त उदाहरणलाई तपाईं के भन्नुहुन्छ?

**हामीहरूको मनको भावना वा जोशप्रतिमात्र किन भरोसा राख्नुहुन्न? हामीहरूको चित्तमा बिझेको कुरा वा भावुकताले हामीलाई कसरी धोका दिन सक्दछ? यद्यपि परमेश्वरसँग सँगै हिंड्न हाम्रो भावना, जोश र जाँगरले कस्तो भूमिका खेल्न सक्दछ? तिनीहरूले कस्तो भूमिका खेल्न सक्दैन?**

## ४. असली आत्मिक पुनर्जागरण, विश्वास वा आस्था र परमेश्वरको वचन (लूका १८:८)

एक दिन येशूले आफ्नो दोस्रो आगमनको बारेमा बोल्दै हुनुहुन्थ्यो। उहाँको आगमनको हुने बेलाको भविष्यतिर नजर राख्दै उहाँले भन्नु भयो, "तर जब मानिसको पुत्र यस संसारमा आउँछन्

त्यसबेला विश्वास तथा आस्थामा अडिग भएर बस्ने कोही भक्तजनहरू होलान् र?" (लूका १८:८ रूपान्तरित)। त्यसको अर्थ अन्तिम दिनहरूमा विश्वास तथा आस्थामा अटल भएर बस्ने मानिसहरूको गन्ती कमै हुनसक्छ भनेर येशूको विस्मातपूर्ण वचनले स्पष्टरूपमा पुष्टि गर्दछ।

बाइबलमै मात्र उल्लेखित गरिएको असली आस्था वा विश्वासलाई हामीले कसरी वाख्या गर्ने? हामीले जे माग्यौं त्यहि परमेश्वरले दिनुहुन्छ भन्ने कुरालाई विश्वास गर्ने के त्यो विश्वास अर्थात् उहाँमाथिको आस्था हो त? के विश्वास भनेको हामीहरूको भावना वा चाहनाहरूमा भर पर्दछन् त? यदि हामीले कडासँग धेरै विश्वास गऱ्यौं भने हामीले जे चाहिन्छ त्यसलाई परमेश्वरले दिनुहुन्छ भनेर यकिन हुनु नै के विश्वास हो त? ती जिज्ञासाहरूको जवाफ हामीले पाउनु पर्दछ पर्दैन, त?

असली तथा सत्य विश्वास वा आस्था भनेको परमेश्वरको इच्छामा केन्द्रित हुन्छ भन्ने कुरालाई हामीले कहिलै पनि विर्सनुहुन्न। परमेश्वरमाथिको आस्था, भक्तिभाव तथा विश्वास हामीहरूको चाहनामा आधारित हुनुहुन्न। बरू परमेश्वरमा नै भर पर्नु हाम्रो विश्वास तथा आस्थाको अर्थ हो। उहाँ प्रतिज्ञा तथा वचनहरूमा विश्वास गर्नु हाम्रो विश्वासको अर्थ हो। उहाँको वचन अनुसार चल्नु नै उहाँमाथि हाम्रो कतिको विश्वास छ भनेर प्रमाणित गर्दछ। जब हामी परमेश्वरको वचन सुन्छौं र त्यस अनुसार चल्न निधो गर्छौं तब हामीहरूको विश्वास वढ्दछ (रोमी १०:१७, याकूब २:१७,१८)। परमेश्वरको वचनबाट दिएको विद्यालाई सहस्र ग्रहण गर्न हामीहरूको दिमागलाई खुला राख्यौं भने हामीमा हुनुपर्ने विश्वासको निर्माण हुन्छ। हामीलाई मन नपरेपनि परमेश्वरको भनाईलाई पालन गर्नु नै उहाँमाथिको विश्वास तथा आस्था भएको देखाउँछ। यदि विश्वासको त्यस प्रक्रियामा चल्न हामी राजी भयौं भने पवित्र आत्माको पूरा शक्ति हामीले पाउन सक्दछौं।

**कतिपय मानिसहरू बाइबल पढेतापनि त्यसबाट किन फाइदा उठाउन सक्दैनन्? हिब्रू ४:१,२ले बताउँदछ, "यसकारण परमेश्वरको**

विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्। किनकि हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्।"

जब विश्वासद्वारा परमेश्वरको वचनलाई हामी दावी गर्दछौं र ग्रहण गर्दछौं तब हामीहरूको आत्मिक अनुभवको नविकरण हुन्छ। हामीहरूको अध्यात्मक जीवनले नयाँ स्फुर्ती पाउँछ। नियम पूरा गर्न, करले वा हतार हतारमा बाइबल पढ्दा हामीले कमै फाइदा उठाउन सक्दछौं। हामीले जे पढ्छौं त्यसलाई गहिरिएर सोच्न थाल्यौं भने हामीहरू बदलिन्छौं। जब हामीहरूको सम्पूर्ण जीवनशैली, सोचविचारमा बाइबलको प्रभाव पार्न दिन्छौं तब आत्मिक परिवर्तन भएको हामी अनुभव गर्दछौं।

विश्वास सम्बन्धी विभिन्न रोचक घटनाहरू बाइबलमा दिएका छन्। उदाहरणमा रोमी सिपाहींको हाकिमसँग बेथसडामा भएको पक्षघाती मानिसको विश्वास तुलना गर्नुहोस्। त्यसरी नै गालिलको समुद्रमा हुरी बतास आइरहेको बेलाम येशूका चेलाहरूको विश्वास कस्तो थियो त्योपनि तुलनात्मक रूपमा हेरर तिनीहरूबाट के सिक्न सक्दछौं सोच्नुहोस्।

रोमी कप्तानको विश्वासः मत्ती ८:८-१०, “तर कप्तानले भने, "हे प्रभु, तपाईंलाई मेरो घरमा स्वागत गर्ने योग्यको म छैनँ। तर वचन मात्र बोलिदिनुहोस्, र मेरो नोकर निको हुनेछ। ९ किनकि म पनि अधिकारीहरूका अधीनमा छु, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एक जनालाई ‘जा” भन्छु, अनि त्यो जान्छ, र अर्कालाई ‘आइज’ भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई ‘यसो गर’ भन्छु, अनि त्यसले त्यो गर्छ।” १० तिनको कुरा सुनेर येशूले आश्चर्य मान्नुभयो, र उहाँको पछि आउनेहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, इस्राएलमा पनि यति ठूलो विश्वास मैले भेट्टाएको छैनँ।"

पक्षघातीको विश्वास, यूहन्ना ५:६-९, "त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पल्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर येशूले त्यसलाई भन्नुभयो,"के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिँड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो।"

विश्वाससँग चेलाहरूको संघर्षः मत्ती १४:२५-३३, "बिहान तीन बजेतिर उहाँ समुद्रमाथि हिँड्दै तिनीहरूकहाँ आउनुभयो। २६ जब चेलाहरूले उहाँलाई समुद्रमाथि हिँड़िरहनुभएको देखे, तब डराएर तिनीहरूले भने,"यो त भूत हो!" र तिनीहरू डरले चिच्च्याए। २७ तर येशूले झट्टै तिनीहरूलाई यसो भन्नुभयो,"साहस गर, म नै हुँ, नडराओ।" २८ पत्रुसले उहाँलाई भने,"हे प्रभु, तपाईं नै हुनुहुन्छ भने, मलाई तपाईंकहाँ पानीमाथि आउने आज्ञा दिनुहोस्।" २९ उहाँले भन्नुभयो,"आऊ।" पत्रुस डुङ्गाबाट ओर्लेर येशूकहाँ जानलाई पानीमाथि हिँड्न लागे। ३० तर बतास जोड़ले चलेको देखेर तिनी डराए, र जब डुब्नै लागे तब तिनले चिच्च्याएर भने,"हे प्रभु, मलाई बचाउनुहोस्।" ३१ तब येशूले झट्टै हात पसारेर तिनलाई समातिहाल्नुभयो, र तिनलाई भन्नुभयो,"ए अल्पविश्‍वासी, किन शङ्का गर्‍यौ? ३२ जब उहाँहरू डुङ्गामा पस्नुभयो तब बतास थामियो। ३३ डुङ्गामा हुनेहरूले उहाँलाई दण्डवत् गरे, र भने,"साँच्चै तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ।"

परमेश्वरले हामी प्रत्येकलाई केही न केही मात्रामा विश्वास अर्थात् उहाँमाथी भरोसा राख्ने मनस्थिति राखीदिनुभएको छ। परमेश्वरमाथि आस्था राख्ने मानविय गुण उहाँको वरदान हो (रोमी १२:३)। तर केवल परमेश्वरको वचन सुनेरमात्र हामीहरू चोखो भयौं र हाम्रो आस्था बढ्यो भन्ने छैन न त पढेरमात्र हुन्छ। तर बाइबलमा रहेका प्रत्येक

**वाचाहरू हामीलाई पनि दिएको हो भनेर दावी गर्नु पर्दछ। अनी हाम्रो विश्वास परमेश्वरमा वढ्छ। परमेश्वरको वचनको केवल श्रोतावर्ग वा पाठक वर्गमात्र नभएर पालनवर्ग पनि भएर ती वचनहरू अर्थपूर्ण छन् भन्दै व्यक्तिगत रूपमा आत्मसात् गर्नुपर्छ। हामीहरूको हृदयमा जति पनि विश्वास उहाँले राखीदिनुभएको छ त्यस विश्वासलाई प्रयोग गर्नु प्रत्येक येशूभक्तको धर्म हो। यो प्रक्रियालाई अपनाउँदा परमेश्वरमाथी हाम्रो विश्वास तथा आस्था वढ्दै जान्छ।**

## ५. परमेश्वरको वचनः आत्मिक पुनर्जागरणको अभिभावक र सुरक्षागार्ड (प्रेरित २०:२७-३२)

परमेश्वरको वचनबाट विद्या बाँड्ने र प्रचार गर्ने क्रममा पावलको जीवनमा पवित्र आत्मा अत्यन्त प्रभावकारी रूपमा परिचालित भएका थिए। एफिसी शहरमा (आधुनिक टर्की) इसाई चर्च स्थापना गर्ने पावल नै थिए। त्यो शहरमा त्यसबेला करिब दुई लाख पचास हजार मानिसहरू थिए। त्यस शहरलाई एसिया महादेशको व्यापार केन्द्र भनेर मानिन्थ्यो। एसियाका विभिन्न राष्ट्रहरूबाट आउने जहाजहरू त्यहाँ थुप्रिन्थे। सिल्क कपडा, दुर्लभ हिराज्वहारतहरू, स्वादिष्ट मसलाहरू, हातले बुनेका रगहरू, महँगो मूर्ती तथा शालिक र चित्रहरू, र अनेक किसिमका खानेकुराहरू किन्न मानिसहरू त्यहाँ झुमिन्थे। देवी डियनाको पूजा गर्ने केन्द्रस्थल पनि एफिसस नै थियो। भविष्यमा बाऱ्ह हजार पुस्तकहरू राख्ने सेलसस पुस्तकालयको घर पनि त्यहिँ थियो। पन्द्र हजार दर्शकहरू अटिने भव्य र अदभूत नाच घर त्यहि शहरमा थियो। विभिन्न नाटक तथा सङ्गीत कार्यक्रमहरू त्यस रङ्गमञ्चमा हुन्थे। फेरि विभिन्न दुष्ट कर्म र यौन अनेतिक क्रियाकलापहरूको केन्द्रविन्दु पनि त्यहि एफिसस शहर थियो। त्यस्तो परिवेशमा इसाई धर्मको थालनी हुने वढ्ने र सफलता पाउने एसियाको असली शहर त्यहि एफिसस थियो।

**प्रेरित २०:२५-३२ पढ्नुहोस् र केहि जिज्ञासाहरू सोच्नुहोस्। " "अब हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै, जस-जसलाई मैले**

राज्यको प्रचार गर्दै हिँडें, तपाईंहरूले मेरो मुख फेरि कहिल्यै देख्नुहुनेछैन। २६ यसैकारण आजको दिन म तपाईंहरूलाई गवाही दिँदछु, कि म कसैको रगतको दोषी हुनेछैनँ। २७ किनभने परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ। २८ तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्। २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें। ३२ "अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ।" एफिसीका विश्वासीहरूप्रति पावलको चिन्ता के थियो? ती चर्चका विश्वासीहरूलाई पावलले के सरसल्लाह दिन्दछन्? अगुवाहरूको अभावमा बाइबल अर्थात् परमेश्वरको वचनले विश्वासीहरूको बीचमा कस्तो भूमिका खेलोस् भनेर पावलले अपेक्षा गर्दछन्?

त्यही सन्दर्भमा देहायका पदहरूले दिएका अभिव्यक्तिहरू पढेर केही प्रश्नका जवाफहरू सोच्नुहोस्।

१ पत्रुस १:२२-२५, "अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, र हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर। २३ परमेश्वरको जीवित र नित्य रहने वचनद्वारा, विनाशी होइन तर अविनाशी वीर्यबाट तिमीहरू नयाँ गरी जन्मेका छौ। २४ किनकि, "सबै प्राणी घाँसजस्तै हुन् र तिनका सबै गौरव घाँसका फूलजस्ता। घाँस ओइलाउँछ, र फूल

झरिहाल्छ, २५ तर प्रभुको वचन सदासर्वदा रहिरहन्छ। अनि तिमीहरूलाई प्रचार गरिएको सुसमाचारको वचन यही हो।"

याकूब १:२१-२५, "तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ। २३ कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, २४ किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। २५ तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ, अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।"

१ यूहन्ना २:१४, "पिताहरू, म तिमीहरूलाई लेखिरहेछु, किनभने सुरुदेखि नै हुनुहुनेलाई तिमीहरू चिन्दछौ। युवक हो, म तिमीहरूलाई लेखिरहेछु, किनभने तिमीहरू बलिया छौ, र परमेश्वरको वचन तिमीहरूमा रहन्छ, र तिमीहरूले त्यस दुष्टलाई जितेका छौ।"

इसाई अर्थात् येशूका उपासकहरूमा बाइबल अध्ययन कत्तिको महत्त्वपूर्ण रहेछ भनेर पत्रुस, याकूब र यूहन्नाले कसरी स्पष्ट पारेका छन्? ती चेलाहरूले सिकाएका बाइबलका विद्याले हाम्रै आत्मिक जीवनमा कसरी प्रभाव पारिरहेकाछन्? यदि कोही इसाईको जीवनमा आत्मिक पुनर्जागरणको आभास पाउन इच्छा गर्दछ भने बाइबल पढ्नुको विकल्प छैन भनेर माथि दिइएका पदहरूले कसरी खुलासा गर्दछन्?

## उपसंहारः

<u>थप जानकारीः</u> " **'प्रभूले तिमीहरूलाई के सिकाउनुभयो र मद्वारा तिमीहरूले के सिक्यौ सो त्यसलाई पालन गर। ती वचनहरूलाई पालनचाहिँ नगर्ने तर बोलेर मात्र टार्छ भने बिहान भएपनि तिनीहरूमा आशा पल्हाउँदैन'" यशैया ८:२० (रूपान्तरित)। अन्धकारका शक्ति वा आत्माहरू र झुठा धर्मगुरूहरूबाट सुरक्षित हुन परमेश्वरका जनहरूलाई**

बाइबल अध्ययन गर्न निर्देशन दिइएको छ। बाइबललाई मानिसहरूले राम्रोसँग नपढोस् र नबुझोस् भनेर सैतानले अनेक चालबाजी रचेर मानिसहरूलाई छकाउँदछ। बाइबलले नै सैतानका छलकपट र चालबाजीहरूको भण्डाफोर गर्दछ। त्यसकारण मानिसहरू बाइबल नपढोस् भन्ने उसको चाहना छ। त्यसकारण जब जब परमेश्वरको काममा मानिसहरू जागृत हुन्छ त्यहाँ सैतानले पनि धेरै गाऱ्हो गरेर काम गरिरहेको हुन्छ। ख्रीष्ट र उहाँका अनुयायीहरूको बिरुद्धमा अन्तिम युद्धको लागि तयारी गर्न सैतान अत्यन्त प्रयत्नशील भइरहेको छ। हामीलाई उसको अन्तिम महान् चालबाजी देखाइनेछ। नकावधारी ख्रीष्टहरू र ख्रीष्ट विरोधीहरूले हाम्रै अगाडी अनेकन् आश्चर्यका कामहरू गरेर देखाइनेछन्। ती झुठा क्रियाकलापहरू यस्तरी साँच्चिकै भएको देखिन्छन् कि बाइबलको सहायता बिना हामीले छुट्याउन असम्भव हुनेछ। प्रत्येक प्रवचन र प्रत्येक अचम्भका कामलाई तिनीहरूकै साक्षीद्वारा जाँच्नुपर्दछ।

"परमेश्वरका सबै आज्ञाहरू पालन गर्ने उहाँका भक्तहरूले शत्रुहरूको बीचमा आफू रहेको भेट्टाउनेछन्। केवल परमेश्वरमा मात्र तिनीहरू अटल भएर बस्न सकिन्छ। संकष्टको समयमा बच्न र त्यस समय गुजार्न उहाँको वचनमा भनेको अनुसार तिनीहरूले परमेश्वरको इच्छालाई पालन गर्न आवश्यक छ भनेर तिनीहरूले बुझ्नै पर्दछ। परमेश्वरको ठीक वा उचित स्वभाव, शासन र उद्देष्यलाई उचित रूपमा बुझेर उहाँको इच्छालाई पालन गर्नेले उहाँको आदर र सम्मान गर्दछ। ती मानिसहरूमात्र ख्रीष्ट र सैतानको बीचमा हुने अन्तिम महान् युद्धमा अडिग भएर बस्न सक्दछन् जसको दिमागमा बाइबलमा दिइएका सत्यहरूले भरिराखेका हुन्छन्।"–एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ५९३,५९४बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. एलेन जी ह्वाइटले दिइएको माथीको अभिव्यक्तिहरूलाई गहिरिएर सोच्नुहोस्। संसारको अन्तिम दिनहरूमा परमेश्वरको वचन कत्तिको महत्त्वपूर्ण छ भनेर उनले कसरी व्यक्ति गरेकीछिन्? उनको यस अर्थपूर्ण भनाईलाई गहिरिएर सोच्नुहोस्, "अन्तिम दिनहरूमा अनेकन् चमत्कारपूर्ण तर असत्य कामहरू हुनेछन् जुन् की बाइबलको आत्मज्ञानबिना त्यो सत्य हो की असत्य हो छुट्याउन असम्भव हुन्छ।" हामीहरूको भावना वा अनुभवमा मात्र भर परेर कुनै पनि सत्यलाई मुल्याङ्कन गर्नु किन खतरापूर्ण हुन सक्छ? कुनै पनि कामको सही मुल्याङ्कन गर्न बाइबलको मापदण्ड किन अपरिहार्य छ?

आ. येशूलाई विश्वास गर्छु भन्ने दावी गर्नेहरूले परमेश्वरको वचन केवल सुनाउने मात्र होइन पालन गर्ने पनि हुनुपर्छ भनेर उहाँको चेला याकूबले याकूब १:२२मा उल्लेख गरेका छन्। त्यसको अर्थ के हो? यदि हामीहरूको जीवनमा कुनै पनि सही आत्मिक पुनर्जागरण हुनुपर्छ भने त्यस कुरालाई किन आत्मसात् गर्नुपर्दछ? विश्वासको बारेमा छलफल गर्नु र बाइबलको बारेमा कुराकानी गर्नु त्यस अनुसार चल्नु भन्दा किन सजिलो छ? यस हप्ताभरीको क्रियाकलापलाई तपाईं नियाल्नु होस्। तपाईं परमेश्वरको वचन अनुसार काम गरेर देखाउनुभएको छ कि केवल त्यसको बारेमा बोल्नेमात्र हुनुभएको छ?